कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

# कटारी नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः०६** **संख्याः१३** **मितिः२०७९/०९/२९**

वडा अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०९/२९

नेपालको संविधान २०७२ अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम कटारी नगरसभाबाट २०७५।३।२४ मा पारित प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा ४ को उपदफा १ को अधिकार प्रयोग गरी कटारी नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**प्रस्तावनाः**

गरिवीको रेखामुनि रहेका आम नगरवासीहरुमा गाँस, वास,कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यक्ता पूरा नगरी नगरको विकास सम्भव छैन । पछी परेका जाति वर्ग जेहेन्दार विद्यार्थीलाई शिक्षा र रोजगारीको अवसर प्रदान गर्ने उद्येश्यका साथ SEE उत्तीर्ण गरेका विद्यार्थीलाई प्राविधिक धारतर्फको कृषि,बालीविज्ञान,पशु,प्लम्बिङ,नापी, सर्भेयर आदि विषयका कक्षा ११ र १२ तथा H. A. ,अ. न. मी. आदि अध्ययन गर्न विद्यार्थीहरुलाई राहत तथा ब्यवस्थापन



प्रमुख प्रशासकीय अधिकृत

गर्न वान्छनिय भएकाले कटारी नगरपालिकाको मिति २०७९।०९।२९ को बैठकले स्वीकृत गरी यो कार्यविधि लागू गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम वडा अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा

क. नगरपालिका भन्नाले कटारी नगरपालिकालाई सम्झनु पर्दछ ।

ख. कार्यालय भन्नाले कटारी नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग. वडा अध्यक्ष भन्नाले कटारी नगरपालिका अन्तर्गत वडाबाट निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

घ.वडा अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम भन्नाले कटारी वडा नं. का अध्यक्ष तथा नगरपलिकाका सबै वडा क्षेत्रभित्र पर्ने शैक्षिक सुधारसँग सम्बन्धित सेवाग्राहीलाई सम्झनु पर्दछ ।

३. शैक्षिक सुधार कोष स्थापनाः

क. शैक्षिक सुधार कार्यक्रमका लागि यस कोषमा वडा कार्यालयबाट अबक्श्यक बजेट विनियोजन गरिने छ ।

ख. हरेक आर्थिक वर्षमा उक्त रकम नघट्ने गरी बजेट छुट्याइने छ ।साथै आवश्यक्तानुसार थप गर्दै लगिनेछ ।

ग. कोषको रकम प्रस गर्न अनुसूची १ अनुसारको फाराम भरी बुझाउनु पर्नेछ ।

४. कोषको रकम प्राप्त गर्ने आधारहरुः

क. SEE उत्तीर्ण गरेको हुनुपर्ने

ख. वडा नं. ११ भित्रको नागरिक हुनुपर्ने

ग. जेहेन्दार दलित जनजाति अपाङ्गलाई विशेष प्राथमिकता दिइने

घ. प्राविधिक विषयतर्फ कक्षा ११र १२ तथा HA अ.न.मी. अध्ययनका लागि छात्रवृति दिइने

५. कोषको समितिः

क. कोषको समिति तपसिल बमोजिम रहनेछ ।

नगर प्रमुख - प्रमुख सल्लाहाकार

सम्वन्धित वडा अध्यक्ष - संयोजक

वडा शिक्षा समितिका सदस्य सचिव - सदस्य

संयोजकले मनोनित गरेको एक महिला सहित दुई जना शिक्षाप्रेमी - सदस्य



प्रमुख प्रशासकीय अधिकृत

वडा सचिव - सदस्य सचिव

ख. समितिको काम कर्तब्यः

क. आफ्नो वडामा प्रचार प्रसार गर्ने, सूचना जारी गर्ने ।

ख. सम्बन्धित ब्यक्तिलाई छनौट गरी आवश्यक कागजात संलग्न राखी रकम निकासाका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

ग. छनौट भएका उमेदवारलाई अध्ययन पश्चात आफ्नो वडाभित्र कार्य गराउने प्रतिबद्धता गराउने

१. कोषको उपयोगः

क. प्राविधिक शिक्षा अध्ययन गर्दा संस्थाले दिएको रसिदका आधारमा रकम उपलब्ध गराइनेछ ।

ख. उक्त रकम अध्ययन बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन ।

७. कोषको लेखा परीक्षणः

कोषको लेखा परीक्षण प्रचलित कानुन बमोजिम गरिनेछ ऽ

८. प्रतिवेदन पेश गर्नेः

हरेक आ.व. को अन्त्यमा वडाले वार्षिक प्रतिवेदन नगरकार्यपालिकामा पठाउनु पर्नेछ ।उक्त प्रतिवेदन नगरपालिकाले सार्वजनिक गर्न सक्नेछ ।

९. अनुगमनः नगरकार्यपालिका तथा वडाकार्य समितिले समय समयमा सम्बन्धित परिवार ब्यक्तिसँग प्रत्यक्ष भेटघाट छलफल तथा आवश्यक राय सुझाव संकलन अनुगमन गर्नेछ ।

१०. निर्देशन दिन सक्नेः नगरपालिकाले कोषका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

११. कार्यविधि संशोधनः यस कार्यविधिका प्रावधानहरुमा नगरपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१२. बाधा अड्काउ फुकाउः सथानीय सरकार संचालन ऐन २०७४ र यस कार्यविधिमा ब्यवस्था भए बमोजिम विषयमा नितिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगरपालिकाले गर्नेछ ।

**प्रमाणीकरण मिति २०७९/०९/२९**

आज्ञाले

अनिल किराती

प्रमुख प्रशासकीय अधिकृत

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१



प्रमुख प्रशासकीय अधिकृत